# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

## कविता लेखन प्रतियोगिता सम्बन्धी सूचना

(प्रकाशित मिति २०७९/०९/१८)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा "खुला राष्ट्रव्यापी कविता लेखन प्रतियोगिता" आयोजना गरिएकोले सहभागिताका लागि आह्वान गरिएको छ ।

१. कविताको शीर्षक :- प्रतियोगी कविले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसँग सम्बन्धित कुनै पनि शीर्षकमा कविता रचना गर्न सक्नेछ। ***(द्रष्टव्यः कविता मौलिक र अप्रकाशित हुनुपर्नेछ )***

२. प्रतियोगिताका सहभागी :- इच्छुक नेपाली नागरिक।

३. कविताको शब्द सीमा :- कविता १५० शब्दमा नबढाई लेख्नुपर्नेछ।

४. कविताको भाषा :- कविता नेपाली भाषामा लेख्नुपर्नेछ।

५. प्रतियोगितामा सहभागी हुने प्रक्रिया :- प्रतियोगितामा सहभागी हुन इच्छुक प्रतियोगीले आफुले लेखेको कविता साथ आफ्नो नाम थर, ठेगाना, आफ्नो आधिकारिक पहिचान खुल्ने परिचयपत्र र सम्पर्क नम्बर उल्लेख गरी इमेल ठेगानाः info@ciaa.gov.np मा पठाउनुपर्नेछ। प्रतियोगीलाई प्रतियोगितासम्बन्धी अन्य कुनै जिज्ञासा भएमा वा सहभागी हुने सवालमा कुनै समस्या भएमा ०१-५२६२२४५/०१-५२६२२५४/९८४३०८५९०१/९८५१२३७६३० नम्बरमा सम्पर्क गर्न सकिनेछ।

६. कविता पठाउने अन्तिम मिति :- प्रतियोगितामा सहभागी हुन इच्छुक प्रतियोगीहरुले मिति २०७९ साल माघ ६ गतेसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंमा आइपुग्ने गरी आफ्नो रचना पठाउनु/इमेल गर्नुपर्नेछ।

७. पुरस्कार :- "खुला राष्ट्रव्यापी कविता लेखन प्रतियोगिता"मा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीलाई देहाय बमोजिम नगद र प्रमाणपत्रसहित आयोगको ३२ औं स्थापना दिवस (२०७९ माघ २८ गते) को अवसरमा आयोजित कार्यक्रममा देहायबमोजिम पुरस्कृत गरिनेछ।

   क. प्रथम — रु. २५,०००।- (पच्चीस हजार) - १ जनालाई
   ख. द्वितीय —रु. १५,०००। - (पन्ध्र हजार) - १ जनालाई
   ग. तृतीय — रु.१०,०००। - (दश हजार) - १ जनालाई

८. "खुला राष्ट्रव्यापी कविता लेखन प्रतियोगिता" मा पुरस्कृत प्रतियोगीलाई भ्रमण खर्च नियमावली, २०६४ को नियम ५ को उपनियम १ को (घ) बमोजिमको सुविधा प्रदान गरिने तथा उपत्यकाभित्रको प्रतियोगीको हकमा आतेजाते खर्च स्वरुप एकमुष्ट रकम रु. ३,०००।- प्रदान गरिनेछ।